## कटहरिया नगरपालिका

# स्थानीय राजपत्र


**कटहरिया नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः २, संख्या : ७, मिति : २०७६/१/२८**


# भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कटहरिया नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०७६ सालको ऐन नं. ७**

## कटहरिया नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा परिचालन सम्बन्धी ऐन, २०७६

**नगर सभाबाट स्वीकृत मिति : २०७६।०१।२७**
**प्रमाणिकरण मिति : २०७६।०१।२८**

**प्रस्तावनाः** कटहरिया नगरपालिकाबाट प्रवाह गरिने सेवा र विकास निर्माण कार्यमा सहयोग पुर्‍याउँदै नगरपालिकाको प्रशासनिक तथा भौगोलिक क्षेत्रभित्र सुव्यवस्था कायम गर्न, नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभाकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थीत बनाउन आवश्यक भएकोले,

नेपालको संविधानको धारा ५७(४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) को खण्ड (क) को (२) बमोजिम तथा ऐ. ऐनको

कटहरिया नगरपालिका

दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी कटहरिया नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कटहरिया नगरपालिकाको नगर प्रहरी ऐन, २०७६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले कटहरिया नगरपालिका सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले कटहरिया नगर सभालाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कटहरिया नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले कटहरिया नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले कटहरिया नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(छ) "नगर प्रहरी ऐन" भन्नाले कटहरिया नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(झ) "कार्यालय" भन्नाले कटहरिया नगरपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ञ) "नगर प्रहरी" भन्नाले कटहरिया नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेतलाई सम्झनुपर्छ ।

३. **नगर प्रहरी सम्बन्धी व्यवस्थाः** (१) कटहरिया नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ ।

(२) नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले प्रमुख स्तरीय निर्णयबाट आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

(३) नगर प्रहरीको योग्यता र छनोटको प्रक्रिया नगरपालिका कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. **नगर पहरीको सञ्चालन तथा परिचालनः** (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तिमा प्रहरी सहायक निरीक्षक बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना नगर प्रहरी प्रमुख तोक्नेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि प्रहरी हवल्दारले पाउने पारिश्रमिक सुविधा पाउने गरी २ जना नगर प्रहरी हवल्दार सेवा करारमा नियुक्त गर्न सकिनेछ ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण, नियन्त्रण र निर्देशनको अधिनमा रही कार्य गर्नेछ र दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन नगरपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनेछ।

(४) प्रत्येक नगर प्रहरीले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरिवेक्षण, नियन्त्रण र निर्देशनको मातहतमा रही कार्य गर्नेछ।

(५) नगर प्रहरीले पालना गर्नुपर्ने अनुशासन एवं आचरण उलंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिइ अनुशासनात्मक सजाँय दिन सक्नेछ।

(६) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(७) नगर प्रहरीको ड्यूटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सो को जानकारी नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई दिनेछ।

५. **कार्य विवरण:** (१) ऐनको दफा ११(२) को खण्ड (क) को (२) मा उल्लेखित कार्यहरुमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय, जुनसुकै बखत काममा लगाउन सक्नेछ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, विदा तथा ड्यूटी रोस्टरको अभिलेख अद्यावधिक गरि राख्नेछ।

६. **नगर प्रहरीको आचरण :** (१) नगर प्रहरीले देहायको आचरणहरु पालना गर्नु पर्नेछ :

(क) नगर प्रहरीले प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति, नियमको पालना गर्नेछ,

(ख) प्रहरीले तोकिएको समय, आज्ञा, आदेश र अनुशासन सम्बन्धी नियमहरुको पालना गर्नुपर्नेछ।

(ग) नगर प्रहरीले कामको सिलसिलामा सुपरिवेक्षक वा सम्बन्धीत माथिल्लो अधिकृतले दिएको आदेशको पालना गर्नुपर्नेछ।

(घ) नगर प्रहरीले नगर सभा सञ्चालन भएको समयमा नगर सभाको मर्यादापालक भई कार्य गर्नुका साथै नगरपालिकाका कर्मचारी,

कटहरिया नगरपालिका

सेवाग्राहीप्रति आदरभावका साथ सम्मान राख्नु पर्नेछ तथा नगरबासीहरुको मानव अधिकारको सम्मान गर्नुपर्नेछ ।

(ङ) स्वच्छ चरित्र, नैतिकवान, कर्तव्यनिष्ठ र इमान्दार हुनुपर्नेछ ।

(च) ड्युटिमा खटिएको समयमा पान, गट्का, सूर्तिजन्य पदार्थ वा मदिरा पान गर्नु हुँदैन ।

(छ) नगरपालिकाका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(ज) नगर प्रहरीले राजनैतिक गतिविधि, धर्ना, जुलुसमा संलग्न हुनु हुँदैन ।

(झ) आफूलाई तोकिएको जिम्मेवारी कर्तव्य निष्ठ भइ निश्पक्षता एवं निर्भिकतापूर्वक निर्वाह गर्नुपर्नेछ ।

७. **पोशाक, चिन्ह आदि:** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, सोको किसिम, रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरेबमोजिम हुनेछ ।

८. **सञ्चार सेट:** नगर प्रहरीको कार्यसम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक सञ्चार सेट लगायतका साधन उपलब्ध गराउन सक्नेछ ।

९. **नीरिक्षण:** नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्यूटीको जुनसुकै बखत नीरिक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

१०. **आवास :** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

११. **पारिश्रमिक, राशन, बीदा तथा अन्य सुविधा :** (१) नगर प्रहरीको पारिश्रमिक, रासन, बीदा तथा अन्य सेवा शर्त, सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्यसम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नविकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरीको कार्यसम्पादन सन्तोष जनक नदेखिएमा निजको करार म्याद नविकरण हुनेछैन ।

१२. **तालिम :** कार्यालयले नगर प्रहरीलाई समय-समयमा सुरक्षा सम्वन्धी तथा नगर प्रहरीले अनिवार्य रुपमा गर्नुपर्ने तालिमको आवश्यक व्यवस्था नगरपालिका कार्यालयले गर्नेछ ।

१३. **अंगरक्षकको रुपमा कार्य गर्ने :** कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रुपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

कटहरिया नगरपालिका

१४. **प्रतिवेदन** : नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

१५. **छानविन** : नगर प्रहरीले कानून विपरित वा बदनियतपूर्वक कार्य गरेको भनि कार्यालयमा उजुरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानिविन गर्न गराउन र आवश्यक कार्वाही गर्न सक्नेछ ।

१६. **सजाँय, कार्वाही तथा बर्खास्तगीः** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी नगरपालिका हानी नोक्सानी पुऱ्याएमा वा आचरण विपरित वा अनुशासनहिन कार्य गरेमा वा नगरपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको निर्देशन वा आदेशको पालना नगरेमा निजलाई प्रमुख प्रशासकीय अधिकृतले नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजायँ वा कार्वाही गर्न वा जुनसुकै बखत सेवाबाट हटाउन सक्नेछ ।

१७. **पुरस्कार** : प्रशंसनीय एवं उत्कृष्ट कार्यसम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठहऱ्याएको पुरस्कार दिन सक्नेछ ।

१८. **कार्य सञ्चालन प्रक्रिया** : कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

१९. **सुरक्षा सामाग्री व्यवस्थापन** : नगरपालिकाको आवश्यकताको आधारमा सम्बन्धीत निकायको स्वीकृति लिई नगर कार्यपालिकाले सुरक्षा व्यवस्थापनसँग सम्बन्धीत सामाग्रीहरुको व्यवस्था गर्न सक्नेछ ।

२०. **दमकल कर्मचारी सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाका दमकल कर्मचारी नगर प्रहरी प्रमुखको मातहत रही कार्य गर्नेछन् ।

(२) दमकल कर्मचारी सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ ।

२१. **नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेः** नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले,
मनोज कुमार रजक
प्रमुख प्रशासकीय अधिकृत

कटहरिया नगरपालिका